**गण्डकी प्रदेश सरकार**

**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

# कृषि ज्ञान केन्द्र, कास्की

# स्वत: प्रकाशन (Proactive Disclosure)

**(२०८०/०८/१५ देखि २०८०/१०/१५ सम्म)**

*सूचनाको हकसम्बन्धी एन, २०६४ को दफा५ को दफा (३) र नियमावलीको नियम ३ बमोजिम कृषि ज्ञान केन्द्र, कास्कीद्वारा सार्वजनिक गरिएको विवरण।*

**सूचना सार्वजनिक गर्ने निकायको नाम**: कृषि ज्ञान केन्द्र, कास्की, नेपाल।

**सूचना सार्वजनिक गरेको अवधि**: २०८०/०८/१५ देखि २०८०/१०/१५ सम्म

**१.निकायको स्वरुप र प्रकृतिः**

देशमा संघिय व्यवस्था लागु भईसकेपछि प्रदेश सरकार, तत्कालिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतमा कास्की जिल्ला कार्यक्षेत्र रहने गरी कृषि ज्ञान केन्द्र, कास्कीको स्थापना भएको हो। आ.व. २०७७/७८ को कार्तिक महिनासम्म कृषि ज्ञान केन्द्र, स्याङ्जाको सम्पर्क कार्यालयको रुपमा रही सम्पर्क कार्यालय मार्फत कार्यक्रम संचालन सहजिकरण भइरहेको अवस्था थियो। कास्की जिल्लामा तरकारी, फलफूल, मसला लगायत अन्य वालीहरुको प्रचुर सम्भावना रहेको र जिल्लामा तरकारी, खाध्यान्न अधिकार सहितको कार्यालय स्थापना हुन कृषकहरुको माग अनुसार गण्डकी प्रदेश मन्त्रीपरिषद्को मिति २०७७ साल कार्तिक २७ गतेको निर्णय अनुसार कृषि ज्ञान केन्द्र कास्की स्थापना भई मिति २०७७ फाल्गुन महिना १० गते विधिवत रुपमा समुद्घाटन भएको हो। स्थापनाकाल देखि नै कार्यालय मार्फत मुख्यतया कृषि प्रविधि प्रसार तथा अनुदान प्रोत्साहनका कार्यक्रमहरु अन्तर्गत प्रविधि हस्तान्तरणका कार्यक्रमहरु संचालन भइरहेका छन् ।

**२. निकायको काम, कर्तव्य र अधिकार**

गण्डकी प्रदेश सरकार कार्यविभाजन नियमावली २०७५ बमोजिम कृषि ज्ञान केन्द्रको कार्यविवरण निम्न अनुसार रहेको छ ।

- जिल्लाको कृषि तथ्याङ्क प्रोफाइल तयार तथा अद्यावधिक गर्ने ।
- स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरूलाई तालिम तथा क्षमता अभिवृद्धि गर्ने ।
- ब्यबसायीक किसान, उद्यमी तथा कृषि फार्म सञ्चालकको लागि तालिम तथा क्षमता अभिवृद्धि गर्ने।
- आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परीक्षण तथा सिफारिस गर्ने ।
- माटो तथा मल, बीउ तथा बाली संरक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा प्रदान गर्ने ।
- सङ्घीय कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन तथा सम्पर्क विन्दुको रूपमा कार्य गर्ने
- प्रादेशिक कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्ने।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्रभित्रका जोन र सुपरजोनको लागि प्राविधिक सेवा उपलब्ध गराउने ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्रभित्रका पकेट तथा ब्लकको कार्यक्रम सञ्चालन तथा प्राविधिक सेवा उपलब्ध गराउने ।
- भौगोलिक विविधता अनुसारको प्राथमिकता प्राप्त बाली वस्तु विकासको योजना मूल्य अभिवृद्धि शृङ्खला विकास तथा कार्यान्वयनको समन्वय गर्ने ।
- आर्थिक महत्वका स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग गर्ने ।
- विभिन्न बालीनालीका रोग कीराहरूको पेष्ट म्याप तयार गर्ने ।
- विभिन्न बालीनाली तथा रोग कीराहरूको सङ्कलन, पहिचान तथा संरक्षण गरी सङ्ग्रहालयको रूपमा विकास गर्ने।
- स्थानीय बाली रैथाने बाली र लोपोन्मुख तथा उपेक्षित बालीको जर्म प्लाजम सङ्कलन गरी उपलब्ध गराउने सँग सहकार्य गर्ने।
- स्थानीय तहका कृषि एकाइहरूबाट कृषि सम्बन्धी तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने साथै असिना, बाढी, पहिरो जस्ता दैवी प्रकोपको विवरण सङ्कलन गरी तथ्याङ्क प्रादेशिक तथा सङ्घीय तालुक निकायहरूमा पठाउने ।
- बीउ, बिषादी तथा मलखाद विक्रेताहरूको अनुमति, नवीकरण तथा अनुगमन गर्ने साथै तिनीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- कमाण्ड क्षेत्रभित्र रहेका स्रोत केन्द्रहरू, फल फूल तथा तरकारीको नर्सरीहरूलाई प्राविधिक सेवा प्रदान गर्ने।

- कमाण्ड क्षेत्रभित्र रहेका फलफूल तथा तरकारीको नर्सरीहरूको तालुक निकायको समन्वयमा प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा निरोगिताको प्रमाणपत्र उपलब्ध गराउने ।
- निरोगिताको प्रमाणपत्र बिना बीउ, बिरुवा, बेर्ना तथा अन्य रोपण सामग्रीहरूको ओसारपसारमा तालुक निकायसँग समन्वय गरी रोक लगाउने ।
- व्यवसायिक फर्म, बिमा, कृषिजन्य उद्योगमा विद्युतीकरण, बिषादी विक्रेता आदिको लागि सिफारिस प्रदान गर्ने ।
- कमाण्ड क्षेत्र भित्र कृषि उद्यम् तथा व्यवसाय सञ्चालन गर्न चाहनेहरूको लागि प्राविधिक तथा व्यवसायिक कार्ययोजना तयार गर्न सहयोग गर्ने ।
- कृषक वर्गीकरणको लागि स्थानीय सरकारसँग समन्वय तथा सहजीकरण गर्ने ।
- कृषि स्नातक तथा जेटि र जेटिय कोर्ष अध्यनरत विद्यार्थीहरूको लागि इन्टर्नसिप कार्यक्रम सञ्चालन गर्ने ।
- सङ्घीय एवम् प्रादेशिक कृषि सम्बन्धी ऐन, नीति, नियम, नियमावली, निर्देशिका सम्बन्धी सरोकारवाला निकायहरूलाई सुसूचित गर्ने, गराउने ।
- स्थानीय तह अन्तर्गत नगरपालिका, गाउँपालिका तथा वडाको विस्तृत स्थलगत सर्वेक्षण गरी भूगोल, हावापानी, मोहडा, कृषि पर्यावरण, माटो परीक्षण तथा परम्परागत बालीनालीको आधारमा कृषिको व्यवसायिकरणको लागि आधारभूत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिसदसँग समन्वय गरी बाह्य अनुसन्धान स्थलको रूपमा कार्य गर्ने ।
- सङ्घीय तथा प्रदेश सरकारले तोकेका अन्य प्राविधिक कार्यहरू गर्ने ।
- समग्र कृषि विकासको सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने ।
- यस अघि साविक जिल्ला कृषि विकास कार्यालयले प्रतिनिधित्व गर्ने जिल्लास्तरका समितिहरूमा सहभागिता जनाउने।
- कृषि विकासमा टेवा पुर्याउने अन्य कामहरू गर्ने ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, कास्की
संगठन संरचना

**प्रमुख**
९/१० औं तह (कृषि/ समूहकृत नहुने)

**विशेषज्ञ सेवा शाखा**

- कृषि प्रसार अधिकृत (७/८ औं तह कृषि/ कृषि प्रसार)-१
- वागवानी विकास अधिकृत अधिकृत (७/८ औं तह कृषि/ वागवानी)-१
- प्राविधिक सहायक/ अधिकृत (५/६ औं तह कृषि/ वागवानी)-१
- प्राविधिक सहायक/ अधिकृत (५/६ औं तह कृषि/ बाली संरक्षण)-१
- प्राविधिक सहायक/ अधिकृत (५/६ औं तह कृषि/कृषि प्रसार)-१

**योजना शाखा**

- कृषि अर्थ विज्ञ (७/८ औं तह कृषि/ एग्री इको )-१
- प्राविधिक सहायक (५/६ औं तह कृषि/ एग्री इको )-१

**प्रशासन फाँट**

- सहायक/अधिकृत सहायक (५/६ औं तह प्रशासन/ सा.प्र )-१
- सहायक/सहायक लेखापाल (४/५ औं तह प्रशासन/ लेखा )-१
- कार्यालय सहयोगी सहायक (प्रशासन)-१
- हलुका सवारी चालक सहायक (श्रेणीविहिन )-१

कुल दरबन्दि=१२

## ४. निकायबाट प्रदान गरिने सेवा

- कृषि व्यावसाय प्रवर्द्धनका लागि अनुदानमुलक कार्यक्रमहरु
- कृषि प्रसार तथा तालिम आयोजना

- खाद्यान्नबाली प्रवर्द्धन आयोजना
- आलुबाली तथा तरकारी बाली प्रवर्द्धन आयोजना
- फलफुलबाली प्रवर्द्धन आयोजना
- प्रविधि प्रदर्शन तथा सेवा सम्बन्धि कार्यक्रमहरु
- बीउ उत्पादन प्रवर्द्धन आयोजना
- रैथानेबाली प्रवर्द्धन आयोजना
- क्षमता विकास तालिम, गोष्ठी तथा कृषि तथ्याङ्क सम्बन्धि कार्यक्रमहरु
- समुदायस्तर प्रविधियुक्त कृषि उत्पादन प्रवर्द्धन आयोजना
- विशेष समुदाय तथा वर्ग लक्षित कार्यक्रमहरु

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | शाखाको नाम | जिम्मेबार अधिकारी |
|---|---|---|
| १ | कार्यालय प्रमुखको | श्री किरण सिग्देल |
| २ | विशेषज्ञ शाखा | |
| | बागबानी विकास अधिकृत<br>प्राविधिक सहायक | श्री मन्जु अधिकारी<br>श्री नविना बराल |
| | कृषि प्रसार अधिकृत | श्री रामकृष्ण अर्याल |
| | कृषि अर्थ विज्ञ | श्री हिन्दी राई |
| ३ | प्रशासन शाखा<br>सहायक (चौथो/ पाँचौ)<br>वरिष्ठ सहायक लेखापाल<br>का.स<br>ह.स.चा | श्री सोमलाल तिवारी<br>श्री फलमाया पाण्डे<br>श्री इन्द्र लामिछाने<br>राम प्रसाद ढुङ्गाना |

## ६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः

कार्यालयवाट प्रदान गरिने सेवा मध्ये बीउ उत्पादक, विक्रेता दर्ता तथा नविकरण र विषादी खुद्रा विक्रेता, दर्ता तथा नविकरणका लागि जनही रु. ४००- दस्तुर लाग्नेछ भने अन्य नियमित सेवाका लागि कुनै पनि दस्तुर लाग्ने छैन र सेवा तुरुन्त प्रदान गरिनेछ ।

### ७. निर्णय प्रकृया र अधिकारीः

कार्यालयवाट संचालित अनुदान कार्यक्रमहरुको सुचना प्रकाशन, फिल्ड अनुगमन, सम्झौता तथा भुक्तानी सार्वजनिक खरिद ऐन, २०६३, नियमावली २०६४ तथा प्रचलित अन्य नियम कानुनको आधारमा ( रही निर्णय गर्ने गरिएको छ। कार्यालयको आर्थिक व्यवस्थापनका लागि कार्यालय प्रमुखलाई आर्थिक अख्तियारी प्रदान भएको हुन्छ ।

सूचना सम्बन्धि प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले अध्ययन गरि सम्बन्धित शाखामा आवश्यक कारवाहीको लागि पठाई शाखा प्रमुखहरुबाट कारवाहीको प्रक्रिया बढाउने गरिन्छ । साथै आवश्यक्त अनुसार स्टाफ बैठक, सम्बन्धित शाखा प्रमुखको राय र टिप्पणी बिधिको प्रक्रिया अपनाइने ।

### ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

कार्यालयवाट संचालन भएका विभिन्न कार्यक्रमहरु सम्बन्धि गुनासो संकलन तथा सोको सुनुवाई प्रकृयाका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । गुनासो सुन्ने अधिकारी वागवानी विकास अधिकृतले गुनासोहरुको सुनुवाई तथा व्यवस्थापन गर्नुहुनेछ ।

### ९. सम्पादन गरेको कामको विवरण

| प्रविधि प्रवर्धन तथा सेवा सम्बन्धि कार्यक्रमहरु | एकाई | जम्मा बजेट | कामको विवरण |
|---|---|---|---|
| कृषि सम्बन्धी विभिन्न समितिहरुको बैठक (DATWG, मलको कोटा निर्धारण लगायत अन्य) | संख्या | २०.२५ | |
| कृषि तथ्यांक संकलन तथा प्रकाशन | पटक | १.५ | |
| बाली उपचार शिविर संचालन | संख्या | ५ | |
| स्थानीय तहमा कृषि शिबिर संचालन | संख्या | ४.५ | |
| Pesticide Poisoning Survelliance | पटक | २.५ | |
| आइ पि एम कृषक पाठशाला संचालन | संख्या | २ | |
| रोग किराको सर्भे सर्भेलेन्स कार्याक्रम | पटक | ३ | |

| | | | |
|---|---|---|---|
| उत्कृष्ट कृषकलाइ पुरस्कृत गर्ने | पटक | १ | |
| **तालिम, गोष्ठी र कृषि तथ्यांक सम्बन्धि कार्यक्रमहरु** | | ०.७५ | |
| स्थानीय तहका पदाधिकारी/कृषि प्राविधिकसंग समन्वयात्मक बैठक | पटक | ३.४ | |
| कार्यक्रम सार्बजनिकिकरण तथा सार्बजनिक सुनुवाई | पटक | २.४ | |
| विभिन्न कार्यक्रममा छनौट भएका कृषकहरुलाई अभिमुखिकरण | पटक | १ | |
| **कृषि व्यवसाय प्रवर्धनका लागि अनुदानमुलक कार्यक्रमहरु** | | ० | |
| उत्पादनका आधारमा प्रोत्साहन सहयोग कार्यक्रम (तोरी, मास, सुर्यमूखी, भट्टमास, मुसुरो लगायतका बालीहरु) | मे टन. | ८६.५ | |
| मसला तथा निर्यातयोग्य बाली उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | पटक | २२.५ | |
| फलफूल नर्सरी स्रोत केन्द्र स्थापना | संख्या | ३० | |
| प्राङ्गारिक मल वितरण | पटक | १० | |
| बाली विमाको विमा शुल्कमा अनुदान | पटक | २१ | |
| **कृषि प्रसार तथा तालिम आयोजना** | | ३ | |
| उन्नत कृषि प्रविधि प्रदर्शन कार्यक्रम | संख्या | १३.५ | |
| कार्यालय परिसर भित्र प्रविधि प्रदर्शन तथा व्यवस्थापन | पटक | १० | |
| समस्या समाधान तथा प्राविधिक पृष्ठपोषणका लागि Technical Group Monitoring | पटक | १.५ | |
| **फलफूलबाली विकास आयोजना** | | २ | सुचना प्रकाशन र आवेदन संकलन सम्पन्न भएको फिल्ड भेरिफिकेशन कार्य सम्पन्न |
| फलफुल खेती प्रबिधि सम्बन्धी स्थलगत तालिम बस्तुगत सेवा टेवा सहित | संख्या | ३५.५ | |

| | | | |
|---|---|---|---|
| फलफूल बगैँचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | हेक्टर | २.५ | |
| फलफूलको मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन कार्यक्रम | पटक | ८ | |
| फलफूल बगैँचा स्थापना तथा विस्तार कार्यक्रम | हेक्टर | ५ | |
| फलफूल बालीमा अभियानमूलक बाली संरक्षण कार्यक्रम | पटक | १८ | |
| **खाद्यान्नबाली प्रवर्द्धन आयोजना** | | २ | सुचना प्रकाशन र आवेदन संकलन सम्पन्न भएको फिल्ड भेरिफिकेशन कार्य सम्पन्न |
| खाद्यान्नबाली सम्बन्धी स्थलगत तालिम (वस्तुगत सेवा टेवा सहित) | संख्या | २९.५ | |
| खाद्यान्नबाली उत्पादन प्रवर्धन कार्यक्रम | हेक्टर | ३ | |
| खाद्यान्नबालीको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन कार्यक्रम | पटक | २० | |
| खाद्यान्नबालीमा अभियानमूलक बाली संरक्षण कार्यक्रम | पटक | ५ | |
| **आलु तथा तरकारी बाली प्रवर्द्धन आयोजना** | | १.५ | सुचना प्रकाशन र आवेदन संकलन सम्पन्न भएको फिल्ड भेरिफिकेशन कार्य सम्पन्न |
| आलु तथा तरकारी खेती स्थलगत तालिम (वस्तुगत सेवा टेवा सहित) | संख्या | ५२ | |
| आलु तथा तरकारी बालीमा पोष्टहार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम | पटक | ५.५ | |
| बेमौसमी तरकारी खेती प्रवर्धन कार्यक्रम | हेक्टर | २ | |
| थोक बजारमा किसान स्टल निर्माण तथा सञ्चालन सहयोग कार्यक्रम | संख्या | २५ | |
| आलु तथा तरकारीबालीको मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन कार्यक्रम | पटक | ५ | |
| आलु तथा तरकारी बालीमा अभियानमुलक बाली संरक्षण कार्यक्रम | पटक | १० | |

| | | | |
|---|---|---|---|
| **बीउ उत्पादन प्रवर्द्धन आयोजना** | | ४.५ | सुचना प्रकाशन र आवेदन संकलन सम्पन्न भएको फिल्ड भेरिफिकेशन कार्य सम्पन्न |
| आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्धन कार्यक्रम | हेक्टर | ३० | |
| **रैथानेबाली प्रवर्द्धन आयोजना** | | ३० | सुचना प्रकाशन र आवेदन संकलन सम्पन्न भएको फिल्ड भेरिफिकेशन कार्य सम्पन्न |
| रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्धन कार्यक्रम | पटक | ११ | |
| रैथानेबाली उत्पादन प्रवर्धन कार्यक्रम | हेक्टर | ६ | |
| **पोषण सुरक्षा कार्यक्रम** | | ५ | सुचना प्रकाशन र आवेदन संकलन सम्पन्न भएको फिल्ड भेरिफिकेशन कार्य सम्पन्न |
| ग्रामीण पोषण सुरक्षण कार्यक्रम | संख्या | २५ | |
| **समुदायस्तरमा प्रविधियुक्त कृषि उत्पादन प्रवर्द्धन आयोजना** | | २५ | सुचना प्रकाशन र आवेदन संकलन सम्पन्न भएको फिल्ड भेरिफिकेशन कार्य र सम्झौता सम्पन्न |
| समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्धन कार्यक्रम (स्मार्ट प्रविधियुक्त) | हेक्टर | १४० | |
| | | १४० | |
| | | ६६१.९६ | |
| | | ६७५.०१ | |

राजश्व संकलन विवरणः संकलन नभएको । -

## १०. सूचना अधिकारी र प्रमुखको विवरण

| सूचना अधिकारी | कार्यालय प्रमुख |
|---|---|
| नाम: रामकृष्ण अर्याल | नाम: किरण सिग्देल |
| पद: कृषि अधिकृत | पद: कार्यालय प्रमुख |
| सम्पर्क: 9857621341 | सम्पर्क: ९८५६०२८४४ |
| इमेल: ramkrishnaaryal51@gmail.com | इमेल: sigdel_kiran@yahoo.com |

## ११. मुख्य मुख्य ऐन नियम विनियम वा निर्देशिकाको सूची

संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन-२०७७

## १२. तोकिए बमोजिमका अन्य विवरण

- चालु आ.व. मा संचालन हुने कार्यक्रमहरुको विवरण वेभसाइटमा प्रकाशन गरिएको ।
- अघिल्लो आ.व. मा संचालन भएका कार्यक्रमहरुको वार्षिक प्रगति विवरण वेभसाइटमा प्रकाशन गरिएको ।
- अघिल्लो आ.व. मा संचालन भएका कार्यक्रमहरुको वार्षिक प्रगति विवरण वेभसाइटमा प्रकाशन गरिएको ।
- कार्यालयमा पेश भएको सूचना माग सम्बन्धि निवेदनहरु लिखित रुपमा पेश नभएको मौखिक रुपमा सूचना तथा अन्य विवरणहरुको बारेमा जानकारी नियमित रुपमा गराइरहेको ।
- कार्यालयले सम्पादन गर्ने कार्यक्रमहरुको प्रस्ताव आव्हानको लागि रेडियो, पत्रपत्रिका तथा वेभसाइटमा सूचना प्रकाशन गरिरहेको ।